सधै र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

♦ वर्ष ९ ♦ अंक २८७ ♦ २०८३ साल असार १८ विहिवार ♦ 2 July 2026 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ ♦ www.shirishnews.com

विज्ञापन गराउन सम्पर्क गर्नुहोस् ।

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९

## असई थमन विक हत्या प्रकरण : निलम्बित प्रदेश सांसद अभिराम शर्मा र एमालेका पूर्वसांसद लक्ष्मी महतो सहित ६ जनालाई पाँच वर्ष कैद फेसला

**खबर दर्पण समाचारदाता**

**असार १७ गते, बर्दिवास**

सशस्त्र प्रहरीका असई थमन विक हत्या प्रकरणमा जिल्ला अदालत महोत्तरीबाट जन्मकैदको सजाय पाएका मधेश प्रदेशका निलम्बित सांसद अभिराम शर्मालाई उच्च अदालत जनकपुरले कैद सजाएर घटाएको फैसला गरेर राहत दिएको छ। उच्च अदालतले जिल्ला अदालतको फैसला उल्टाउँदै शर्मालाई पाँच वर्ष कैद सजाय सुनाएको छ भने यस अघि सफाइ पाएका एमालेका पूर्वसांसद लक्ष्मी महतो (कोइरी) र पवन कापरलाई समेत ५ वर्षको कैद सजाय सुनाएको छ ।

करिब अढाई वर्षसम्म चलेको सुनुवाइका क्रममा ५०औँ पेशीमा बुधबार फैसला सुनाइएको हो। यसअघि ४९ वटा पेशी विभिन्न कारणले स्थगित भएका थिए।



अभिराम शर्मा



लक्ष्मी महतो कोइरी

तत्कालीन लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) का संसदीय दलका नेता रहेका शर्मा जिल्ला अदालतबाट जन्मकैदको सजाय पाएपछि फरार रहदै आउनु भएको थियो। उक्त फैसलापछि मधेश प्रदेशसभाले उहाँलाई निलम्बन गरिसकेको छ।

जिल्ला अदालत महोत्तरीले २०८० मंसिर २८ गते अभिराम शर्मा सहित सात जनालाई जन्मकैदको सजाय सुनाएको थियो। तर, उच्च अदालत जनकपुरले तीन जनाको हकमा जिल्ला अदालतको फैसला सदर गर्दै जन्मकैद नै कायम गरेको छ भने चार जनाको सजाय घटाएर जनही पाँच वर्ष कैद कायम गरेको छ।

उच्च अदालतको फैसलाअनुसार संजय साह, मोहन ठाकुर र प्रदीप रायको जन्मकैद सजाय यथावत् रहेको छ। यस्तै, अभिराम शर्मा, धर्मेन्द्र राय, रामशंकर मिश्र र सुरेश पाण्डेको जन्मकैद सजाय उल्टाउँदै जनही पाँच वर्ष कैद सजाय तोकिएको छ। त्यसैगरी यस घटनामा महोत्तरी क्षेत्र नं १ का पूर्व सासद लक्ष्मी महतो कोइरी र पवन कापरलाई जिल्ला अदालत महोत्तरीले २०८० मंसीर २८ गते आरोपित कसुर बाट सफाइ दिएकोमा मुलुकी ऐन ज्यान सम्बन्धीको १७(२) बमोजिम जनही ५-५ वर्ष कैद तोकिएको छ।

उच्च अदालत जनकपुरका न्यायाधीशद्वय टेकनारायण कुँवर र मुरारीबाबु श्रेष्ठको बुधवार को संयुक्त इजलासले उक्त फैसला सुनाएको अदालतका प्रवक्ता उप-रजिस्ट्रार शम्भु भुजेलले जानकारी दिनुभयो।

जिल्ला अदालतको फैसलाविरुद्ध अभिराम शर्माका पिता महेन्द्र शर्माले २०८१ वैशाख ९ गते उच्च अदालतमा पुनरावेदन दायर गर्नुभएको थियो। त्यसै गरी रामशंकर मिश्रका तर्फबाट उहाँकी श्रीमती संगीता कुमारी शर्मा, सुरेश पाण्डेका तर्फबाट उहाँकी छोरी प्रियंका पाण्डे तथा धर्मेन्द्र रायका तर्फबाट उहाँका दाजु अरविन्द कुमार रायले पनि पुनरावेदन निवेदन दर्ता गर्नुभएको थियो।

मधेश आन्दोलनका क्रममा २०७२ भदौ २५ गते ड्युटीका लागि महोत्तरीको सदरमुकाम जलेश्वर पुगेका सशस्त्र प्रहरीका असई थमन विकमाथि आन्दोलनकारीले आक्रमण गरेका थिए। आन्दोलनकारी आक्रमणबाट घाइते विकको जलेश्वर अस्पतालमा उपचार सम्भव नभएपछि थप उपचार का लागि एम्बुलेन्समार्फत जनकपुर ल्याइँदै गर्दा सोनउखरा भन्ने स्थानमा एम्बुलेन्सबाट थुतेर कुटपिट गरिएको थियो। सोही घटनामा गम्भीर घाइते भएका विकको मृत्यु भएको थियो।

## धनुषामा होटल अनुगमन : अखाद्य सामग्री नष्ट, एक होटललाई २५ हजार रुपैयाँ जरिवाना

**खबर दर्पण समाचारदाता**

**असार १७ गते, बर्दिवास**

होटल तथा रेस्टुरेन्टमा अस्वच्छ र गुणस्तरहीन खाद्य सामग्री बिक्री भइरहेको गुनासो बढेपछि धनुषाको पूर्व-पश्चिम राजमार्ग क्षेत्रअन्तर्गत लालगढ र ढल्केबरका होटल तथा किराना पसलमा संयुक्त अनुगमन गरिएको छ।

मधेश प्रदेश सरकारको गृह, कानुन तथा सञ्चार मन्त्रालयको नेतृत्वमा खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय जनकपुर तथा जिल्ला प्रशासन कार्यालय धनुषाको संयुक्त टोलीले बुधबार अनुगमन गरेको हो।

अनुगमनका क्रममा अधिकांश होटलमा खाद्य स्वच्छतासम्बन्धी मापदण्डको पूर्ण पालना नभएको, म्याद गुज्रिएका खाद्य सामग्री भण्डारण गरिएको तथा अखाद्य सामग्री प्रयोग गरिएको भेटिएको टोलीले जनाएको छ।

लालगढस्थित बौवा होटलमा मापदण्डविपरीत प्रयोग गरिएको तेलमा पकाइएको करिब १५ किलो माछा तथा मासु नष्ट गरिएको छ। साथै, खाद्य ऐन उल्लङ्घन गरेको भन्दै उक्त होटललाई २५ हजार रुपैयाँ जरिवाना गरिएको अनुगमन टोलीले जनाएको छ।

यसैगरी लालगढ र ढल्केबर क्षेत्रमा सञ्चालित गौतम, पुकार, थापा, कोमललगायत नौ वटा होटल तथा केही किराना पसलमा पनि अनुगमन गरिएको थियो। अनुगमनका क्रममा फेला परेका म्याद गुज्रिएका खाद्य सामग्री तत्काल नष्ट गरिएको छ।


संयुक्त अनुगमन टोलीले होटल तथा व्यवसायीलाई स्वच्छ, सफा र ताजा खाद्य सामग्री मात्र बिक्री गर्न, मूल्यसूचीअनुसार सेवा उपलब्ध गराउन, उपभोक्तासँग बढी मूल्य नलिन तथा प्रचलित खाद्य मापदण्डको पूर्ण पालना गरी व्यवसाय सञ्चालन गर्न निर्देशन दिएको छ।

उपभोक्ताको स्वास्थ्य सुरक्षालाई प्राथमिकतामा राख्दै यस्ता बजार अनुगमन आगामी दिनमा पनि निरन्तर सञ्चालन गरिने सम्बन्धित निकायले जनाएको छ।

शिरीष अफसेट प्रेस

बर्दिवास नगरपालिका-१ राष्ट्रिय वाणिज्य बैंक नजिकै, तरी

✓पत्रिका
✓क्यालेण्डर
✓रजिष्टर, डाइरी
✓किताब
✓परीक्षा कपी
✓पर्चा पम्पलेट
✓बिल, भाउचर,



✓स्क्रिन प्रिन्ट
✓विवाह कार्ड
✓प्रमाण पत्र
✓भिजिटिङ्ग कार्ड
✓झोला प्रिन्ट
✓रबर स्टाम्प




✓फ्लेक्स प्रिन्ट
✓ब्यानर प्रिन्ट
✓होर्डिङ्ग बोर्ड
✓स्टिकर
फाइल



साथै होम डेलिभरीको सुविधा छ ।

सम्पर्क नम्बर: ९८४४०२५१८४, ९८०७६७५१२५, ९८१५८८९६८२

# अपाङ्गता भएका व्यक्तिको यौन तथा प्रजनन स्वास्थ्य अधिकार सुनिश्चित गर्न छुट्टै नीति आवश्यक

खबर दर्पण समाचारदाता
**असार १७ गते, बर्दिवास**

अपाङ्गता भएका व्यक्तिहरू अझै पनि यौन तथा प्रजनन स्वास्थ्य तथा अधिकार (एसआरएचआर) सम्बन्धी आधारभूत जानकारी, गुणस्तरीय स्वास्थ्य सेवा र न्यायमा प्रभावकारी पहुँचबाट वञ्चित रहेको भन्दै सरोकारवालाहरूले मधेश प्रदेशमा यस क्षेत्रका लागि छुट्टै नीति, पहुँचयुक्त सेवा र प्रभावकारी समन्वय आवश्यक रहेको बताएका छन्।

बुधबार जनकपुरधाममा आयोजित 'यौन तथा प्रजनन स्वास्थ्य तथा अधिकारमा पहुँचका लागि अपाङ्गता भएका व्यक्तिका संस्थाहरूको क्षमता सुदृढीकरण (क्भ्ृइएभ्ँइच क्ब्ज्च)' कार्यक्रमअन्तर्गत प्रदेशस्तरीय समन्वय बैठकमा सहभागीहरूले सामाजिक विभेद, पहुँचयुक्त स्वास्थ्य सेवा तथा सञ्चार प्रणालीको अभावका कारण अपाङ्गता भएका महिलाहरू दोहोरो विभेदको सामना गरिरहेको बताएका हुन्।

बैठकमा सहभागीहरूले अपाङ्गता भएका व्यक्तिको यौन तथा प्रजनन अधिकारलाई समाजले अझै पूर्ण रूपमा स्वीकार गर्न नसकेको गुनासो गर्दै अपाङ्गता भएका महिलामाथि हुने यौन हिंसा, बलात्कार, दुर्व्यवहार तथा लागूऔषध दुर्व्यसनसँग सम्बन्धित घटनामा उनीहरू बढी जोखिममा पर्ने अवस्था रहेको औंल्याए।

विशेषगरी बोल्न वा आफ्ना कुरा व्यक्त गर्न कठिनाइ हुने महिला तथा किशोरीहरू हिंसाको सिकार हुँदा पनि स्वास्थ्य सेवा र न्याय प्रणालीसम्म सहज पहुँच नपुग्ने अवस्था रहेको उनीहरूको भनाइ थियो।

सहभागीहरूले ग्रामीण क्षेत्रमा अझै पनि 'अपाङ्ग व्यक्तिले विवाह गरेर के गर्छ?', 'उसले बच्चा जन्माउन सक्छ र?' जस्ता विभेदपूर्ण सोच विद्यमान रहेको उल्लेख गर्दै यस्तो मानसिकता परिवर्तनका लागि व्यापक जनचेतनामूलक अभियान सञ्चालन गर्नुपर्नेमा जोड दिए। उनीहरूले संविधानले अपाङ्गता भएका व्यक्तिलाई अन्य नागरिकसरह विवाह गर्ने, परिवार बनाउने, सन्तान जन्माउने वा नजन्माउने तथा सुरक्षित गर्भपतनसम्बन्धी निर्णय गर्ने अधिकार सुनिश्चित गरे पनि व्यवहारमा ती अधिकार





प्रभावकारी रूपमा कार्यान्वयन हुन नसकेको बताए।

बैठकमा दृष्टिविहीन तथा बहिरा समुदायका प्रतिनिधिहरूले सरकारी कार्यालय र स्वास्थ्य संस्थामा सांकेतिक भाषाका दोभाषे, ब्रेल सामग्री तथा पहुँचयुक्त सञ्चार प्रणालीको अभावका कारण सेवा लिन कठिनाइ भइरहेको गुनासो गरे। दृष्टिविहीन बालबालिकाका लागि थप विशेष विद्यालय तथा समावेशी शैक्षिक वातावरण निर्माण गर्नुपर्ने माग पनि उनीहरूले राखे।

स्वास्थ्य कार्यालय धनुषाका प्रमुख उमेश यादवले अपाङ्गता भएका व्यक्तिको अधिकार सुनिश्चित गर्ने दिशामा पछिल्ला वर्षहरूमा सकारात्मक सुधार भइरहेको बताए। उनले सांकेतिक भाषासहितका विद्यालय सञ्चालन, सूचना पहुँचमा सुधार तथा अस्पतालहरूमा लिफ्टलगायत अपाङ्गमैत्री पूर्वाधार निर्माणको सुरुआत भएको उल्लेख गर्दै सरकारी संरचनालाई क्रमशः अपाङ्गमैत्री बनाउने प्रयास जारी रहेको बताए।

यस्तै, शिक्षा विकास तथा समन्वय इकाइ धनुषाका प्रमुख प्रताप सिंह धामीले नीति र व्यवहारबीच अझै ठूलो अन्तर रहेको उल्लेख गर्दै समावेशी सेवा विस्तारलाई सरकारको प्राथमिकतामा राख्नुपर्ने धारणा व्यक्त गरे। उनले अधिकांश कार्यक्रम गैरसरकारी तथा अन्तर्राष्ट्रिय संस्थाको परियोजनामा सीमित हुने भएकाले संघीय, प्रदेश र स्थानीय तीनै तहका सरकारले दीर्घकालीन योजना बनाएर यसको स्वामित्व लिनुपर्ने बताए।

बैठकमा सहभागीहरूले अपाङ्गता भएका व्यक्तिका लागि सरकारले उपलब्ध गराउने स्वास्थ्य सेवा, सामाजिक सुरक्षा तथा अन्य सहुलियतबारे पर्याप्त जानकारी नपुगेको उल्लेख गर्दै कम उमेरमा विवाह, चाँडो मातृत्व तथा परिवार नियोजनसम्बन्धी जानकारीको अभाव अपाङ्गता भएका महिलामा अझ बढी देखिएको बताए।

उनीहरूले स्वास्थ्य संस्थामा सांकेतिक भाषाका दोभाषे, पहुँचयुक्त भवन, सहज सूचना प्रणाली, प्रशिक्षित स्वास्थ्यकर्मी तथा समावेशी स्वास्थ्य सेवा विस्तार गर्नुपर्ने माग गर्दै मधेश प्रदेश सरकारले अपाङ्गता भएका व्यक्तिको यौन तथा प्रजनन स्वास्थ्य अधिकारलाई केन्द्रमा राखी छुट्टै नीति निर्माण गर्नुपर्ने, स्थानीय तहसम्म जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्नुपर्ने तथा स्वास्थ्य, शिक्षा र न्यायमा समान पहुँच सुनिश्चित गर्न तत्काल प्रभावकारी कदम चाल्नुपर्ने निष्कर्ष निकाले।

## आवश्यक टेलिफोन नम्बरहरू

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बछार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### बर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास नगरपालिका | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय बर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शूभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| इलाका प्रशासन कार्यालय बर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/ ९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाभिजज) ०४१-६२०४९१ ९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

# मधेस प्रदेश सभाको बैठक बिहीबारसम्म स्थगित

खबर दर्पण समाचारदाता
असार १७ गते, बर्दिवास

प्रतिपक्षी दलका प्रदेशसभा सदस्यहरुको अवरोधका कारण मधेश प्रदेशसभाको बुधबारको बैठक स्थगित भएको छ ।

मधेश प्रदेशसभाका सभामुख रामअशिष यादवको अध्यक्षतामा बसेको आजको बैठकमा प्रमुख प्रतिपक्षी दल जनता समाजवादी पार्टी नेपालका प्रदेशसभा सदस्य उपेन्द्र महतोले मधेश प्रदेश सरकारले ल्याएको आगामी आर्थिक वर्ष २०८३–८४ को बजेट मन्त्रीमुखी र सत्ता पक्षका सांसदमुखि भएको भन्दै बजेट संशोधनको माग गर्नुभएको थियो ।

उहाँले मधेश प्रदेश सरकारका मन्त्रालयहरुको विभिन्न जिल्लामा कार्यालयहरु रहँदा पनि बजेट मन्त्रालयमा केन्द्रित गरिएको आरोप लगाउनुभयो । उहाँले प्रदेश सरकारले आगामी आर्थिक वर्षमा टुक्रे योजना नल्याउने सार्वजनिक रुपमा भने पनि बजेटमा पाँच लाख सम्मको योजनाहरु समावेश गरिएकोप्रति आपत्ति जनाउनुभयो ।

उहाँले विभिन्न जिल्लाका फरक फरक प्रकृति योजनालाई जोडेर एक करोड बनाइएको भन्दै सरकारले समानुपातिक किसिमले बजेट नल्याएको बताउनुभयो । प्रदेशसभा सदस्य महतोले बजेट संशोधन नभएसम्म संसद चल्न नदिने अडान राखेपछि सभामुख रामअशिष यादवले १० मिनेटका लागि आजको बैठक स्थगित गर्नुभएको थियो ।

आजको बैठक पुनः सञ्चालनको विषयमा दलहरुविच कुरा नमिलेपछि सूचना टाँस गरी बिहीबार दिउसो १ वजे पुनः बैठक बस्नेगरी आजको बैठक स्थगित भएको हो ।

आजको बैठकको शुरुमै सत्तासिन दल नेपाली कांग्रेसका प्रमुख सचेतक कुमरकान्त झाले जिल्ला स्वास्थ्य कार्यालय धनुषा र महोतरीमा विकास निर्माणका कामकाज सम्पन्न भइसक्दा पनि अर्थ मन्त्रालयले भूक्तानी दिने विषयमा रोक लगाएको भन्दै मधेश प्रदेश सरकारको ध्यानाकर्षण गराउनुभएको थियो ।

आजको बैठकमा प्रदेश विनियोजन विधेयकअन्तर्गत आगामी आर्थिक वर्ष २०८३–८४ का लागि विनियोजन भएको विषयगत मन्त्रालयका शीर्षकमाथि छलफल हुने कार्यक्रम रहेको थियो ।

# धनुषामा धमाधम सवारीसाधनबाट कालो सिसा हटाइदै

खबर दर्पण समाचारदाता
असार १७ गते, जनकपुरधाम



धनुषा प्रहरीले ट्राफिक नियमको प्रभावकारी कार्यान्वयनलाई तीव्र बनाउँदै जिल्लाका विभिन्न स्थानमा सञ्चालन गरेको विशेष अभियानअन्तर्गत २२ वटा सवारी साधनबाट अवैध रूपमा जडान गरिएको कालो सिसा ( टिन्टेड ग्लास) तथा कालो स्टिकर हटाएको छ ।

जिल्ला ट्राफिक प्रहरी कार्यालय धनुषाका अनुसार बुधबार सञ्चालन गरिएको अभियानमा प्रचलित कानुनविपरीत प्रयोग गरिएका टिन्टेड ग्लास र कालो स्टिकर हटाएको हो ।

प्रहरीले यस्ता सामग्रीको प्रयोगले सवारीभित्रको गतिविधि बाहिर बाट देख्न कठिन हुने भएकाले सुरक्षा चुनौती बढ्ने जनाएको छ ।

प्रहरीका अनुसार सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ तथा सवारी तथा यातायात व्यवस्था नियमावली, २०५४ बमोजिम राष्ट्रपति र प्रधानमन्त्रीबाहेक अन्य व्यक्तिले आवश्यक कानुनी प्रक्रिया पूरा गरी अधिकतम २० प्रतिशतसम्म मात्र टिन्टेड ग्लास प्रयोग गर्न पाउने व्यवस्था छ ।

प्रहरीले अवैध कालो सिसा र स्टिकरको प्रयोगले आपराधिक गतिविधि, अवैध कारोबार, फरार अपराधीको आवतजावत, हतियार ओसारपसार तथा शङ्कास्पद व्यक्तिको पहिचानमा समस्या उत्पन्न हुन सक्ने भएकाले यस्तो अभियानलाई निरन्तरता दिइने जनाएको छ ।

प्रहरीले सबै सवारीधनी तथा चालकलाई प्रचलित कानुनको पूर्ण पालना गर्न आग्रह गर्दै सुरक्षित, व्यवस्थित र सभ्य समाज निर्माणमा सबैको सहयोग आवश्यक रहेको जनाएको छ ।

# फरार १७ प्रतिवादी पक्राउ

खबर दर्पण समाचारदाता
असार १७ गते, जनकपुरधाम

जिल्ला प्रहरी कार्यालय धनुषाले विभिन्न मुद्दामा अदालतबाट कैद तथा जरिवाना सजाय सुनाइएपछि फरार रहेका १७ जना प्रतिवादीलाई पक्राउ गरेको छ।

बुधबार जारी गरिएको प्रहरीको प्रेस विज्ञप्तिअनुसार धनुषा जिल्ला अदालतको फैसला कार्यान्वयन अभियानअन्तर्गत फरार प्रतिवादीहरूको खोजतलास गरी उनीहरूलाई पक्राउ गरिएको हो। पक्राउ परेका प्रतिवादीलाई आवश्यक कानुनी प्रक्रिया पूरा गरी धनुषा जिल्ला अदालतमा उपस्थित गराइएको प्रहरीले जनाएको छ।

प्रहरीका अनुसार पक्राउ परेकाहरू चेक अनादर, जालसाजी, कुटपिट तथा लुटपाट, वन पैदावार, लेनदेन, गर्भपतन र चोरीलगायत विभिन्न मुद्दामा अदालतबाट दोषी ठहर भएका व्यक्ति हुन्।

उनीहरूमध्ये केहीलाई एक महिनासम्म कैद सजाय तोकिएको थियो भने अन्यलाई एक हजारदेखि १५ हजार रुपैयाँसम्म जरिवाना गरिएको थियो।

जिल्ला प्रहरी कार्यालय धनुषाका प्रवक्ता प्रहरी नायब उपरीक्षक मधुसुधन न्यौपानेले अदालतको फैसला प्रभावकारी रूपमा कार्यान्वयन गर्न फरार प्रतिवादीको खोजी तथा पक्राउ अभियानलाई निरन्तरता दिइएको बताए। साथै, अदालतबाट सजाय तोकिएपछि फरार रहेका अन्य व्यक्तिको खोजी कार्य पनि जारी रहेको उनले जानकारी दिए।


## विपद् जोखिम न्यूनीकरणको पूर्वतयारी गरौं

- बर्षाको समयमा बाढी पहिरो तथा चटयाङ्गको जोखिम हुन सक्छ,
- सम्भावित जोखिमको मूल्यांकन गरौं, सचेत बनौं,
- जोखिमयुक्त स्थानमा नबसौं, सुरक्षित स्थानमा बसौं,
- नदि किनारा वा भिरालो जमिनमा बसोबास भएकाहरु बिशेष सतर्क रहौं,
- सम्भावित जोखिमबाट बच्न आपतकालीन पूर्वयोजना बनाऔं,
- घर परिवार र छिमेकीहरूसँग मिलेर सुरक्षित स्थानको पहिचान गरौं,
- सम्पर्क बिन्दुहरु तय गरौं, सूचना प्रणालीमा आवद्ध होऔं,
- खाद्यान्न, पानी, प्राथमिक उपचार सामग्री, टर्चलाइट र आवश्यक औषधि आदि तयारी अवस्थामा राखौं,
- प्रकोप व्यवस्थापन तालिम तथा अभ्यासमा सहभागी बनौं,
- बालबालिका, बृद्धबृद्धा र अपाङ्गता भएका व्यक्तिको सुरक्षामा ध्यान दिऔं ।

गौशाला नगरपालिका, महोत्तरी

# भुक्तानी रोकिएपछि धनुषामा निर्माण व्यवसायीको आन्दोलन, पूर्वाधार विकास कार्यालयमा तालाबन्दी



**खबर दर्पण समाचारदाता**

**असार १७ गते, महेन्द्रनगर**

सम्पन्न भइसकेका तथा अन्तिम चरणमा रहेका विकास आयोजनाको भुक्तानी रोकिएको विरोधमा निर्माण व्यवसायी सङ्घ धनुषाले बुधबार पूर्वाधार विकास कार्यालय र कोष तथा लेखा नियन्त्रक कार्यालयमा तालाबन्दी गरेको छ।

आर्थिक वर्षको अन्तिम दिनसम्म पनि सम्पन्न भएका योजनाको भुक्तानी नपाउँदा निर्माण व्यवसायीहरू गम्भीर आर्थिक संकटमा परेको भन्दै उनीहरू आन्दोलनमा उत्रिएका हुन्।

आन्दोलनमा निर्माण व्यवसायीसँगै केही उपभोक्ता समितिका प्रतिनिधिहरूको पनि सहभागिता रहेको थियो।

निर्माण व्यवसायी सङ्घ धनुषाका पूर्वमहासचिव विनोद कर्णले सबै कानुनी तथा प्रशासनिक प्रक्रिया पूरा भएका आयोजनाको समेत भुक्तानी रोकिँदा निर्माण व्यवसायीहरू ठूलो आर्थिक दबाबमा परेको बताए।

उनका अनुसार सडक, भवन, सिँचाइलगायत विभिन्न पूर्वाधार आयोजनाको निर्माण सम्पन्न भए पनि भुक्तानी रोकिँदा बैंक ऋण तिर्न, बैंक ग्यारेन्टी नवीकरण गर्न, मजदुरको पारिश्रमिक दिन तथा निर्माण सामग्री आपूर्तिकर्ताको रकम भुक्तानी गर्न कठिनाइ भइरहेको छ।

सरकारले सम्पन्न कामको समयमै भुक्तानी नगर्दा निर्माण व्यवसायीहरूको आर्थिक अवस्था दिनप्रतिदिन कमजोर बन्दै गएको उल्लेख गर्दै उनले रोकिएको रकम तत्काल निकासा गरी समस्या समाधान गर्न सरकारसँग माग गरे।

यता, पूर्वाधार विकास कार्यालय जनकपुरधामका प्रमुख सञ्जीवकुमार साहले निर्माण व्यवसायी तथा उपभोक्ता समितिले कार्यालयमा तालाबन्दी गरेपछि नियमित प्रशासनिक कामकाज प्रभावित भएको बताए।

उनका अनुसार गैरआवासीय भवन निर्माण शीर्षकअन्तर्गत पूर्वस्वीकृति नलिइएको विषय उल्लेख गर्दै कोष तथा लेखा नियन्त्रक कार्यालयले भुक्तानी रोक्न पत्राचार गरेको हो।

अर्थ मन्त्रालयबाट आवश्यक 'बाधा अड्काउ फुकुवा' सम्बन्धी निर्णय प्राप्त भएपछि मात्र भुक्तानी प्रक्रिया अघि बढाउन सकिने जानकारी प्राप्त भएकाले हालका लागि भुक्तानी रोकिएको प्रमुख साहले स्पष्ट पारे।

निर्माण व्यवसायीहरूले भुक्तानी विवाद तत्काल समाधान नभए आन्दोलनका थप कार्यक्रम सार्वजनिक गर्ने चेतावनी दिएका छन्।

# ट्राफिक नियम पालना गर्न धनुषा ट्राफिक प्रहरीको आग्रह

**खबर दर्पण समाचारदाता**

**असार १७ गते, महेन्द्रनगर**




जिल्ला ट्राफिक प्रहरी कार्यालय धनुषाले सडक सुरक्षा अभिवृद्धिका लागि ट्राफिक नियमको अनिवार्य पालना गर्न सबै सवारी चालक तथा यात्रुलाई आग्रह गरेको छ।

बुधबार जारी गरिएको जनचेतनामूलक सूचनामार्फत कार्यालयले विशेषगरी मोटर साइकल चालकलाई हेल्मेट अनिवार्य रूपमा प्रयोग गर्न तथा मोटरसाइकलमा दुई जनाभन्दा बढी सवार नगर्न आग्रह गरेको हो।

ट्राफिक प्रहरीले सडक दुर्घटना न्यूनीकरण गरी सुरक्षित यात्राको वातावरण सुनिश्चित गर्न ट्राफिक नियमको पूर्ण पालना अपरिहार्य रहेको उल्लेख गर्दै लापरवाही नगर्न सर्वसाधारणलाई सचेत गराएको छ।

कार्यालयका अनुसार ट्राफिक नियम उल्लङ्घनका कारण सडक दुर्घटनाको जोखिम बढ्दै जाने भएकाले सबै सवारी चालकले जिम्मेवारीपूर्वक सवारी सञ्चालन गर्न आवश्यक छ।

सडक सुरक्षाप्रति नागरिकलाई थप सचेत बनाउन यस्ता जनचेतनामूलक अभियान आगामी दिनमा पनि निरन्तर सञ्चालन गरिने जिल्ला ट्राफिक प्रहरी कार्यालय धनुषाले जनाएको छ।

## हिमालयन लाइफ

प्रधान कार्यालय : हात्तीसार, काठमाण्डौ नेपाल

### हकदाबी सम्बन्धी सूचना

यस कम्पनीबाट जारी तपसीलमा उल्लेख भएका बीमालेखका बीमितहरुले बीमलेख हराएको मासिएकोले प्रतिलिपी बीमालेखको लागि निवेदन पेश गरेको हुँदा उक्त बीमालेख उपर कसैको हकदाबी भए यो सूचना प्रकाशित मितिले ३५ दिन भित्र कम्पनीको केन्द्रिय कार्यालयमा सबुद प्रमाण सहित हकदाबी दर्ता गर्नुहुन सम्बन्धीत सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। सो अवधि भित्र दाबी दर्ता नभएमा निवेदकहरुको माग बमोजिम प्रतिलिपी बिमालेख जारी गरीने समेत सम्बन्धीत सबैको लागि जानकारी गराइन्छ।

**तपसील**

| सिन | बीमालेख नं | बीमितको नाम | ठेगाना |
|---|---|---|---|
| १ | PLI४११०००३६२४ | अमिरुल राईन | महेन्द्रनगर ०६ सखुवा धनुषा |


## सन्तुलित जनसंख्या: विकासको आधार

- जनसंख्याको सन्तुलित विकासमा ध्यान दिऔं,
- जनसंख्या व्यवस्थापन सम्बन्धी सचेतना अभिवृद्धि गरौं,
- मातृ तथा शिशु स्वास्थ्य सेवामा पहुँच बढाऔं,
- किशोर–किशोरीको स्वास्थ्य र शिक्षालाई प्राथमिकता दिऔं,
- लैङ्गिक समानता र महिला सशक्तीकरणलाई प्रवर्द्धन गरौं,
- शिक्षा, स्वास्थ्य, क्षमता विकास र रोजगारीमा जोड दिऔं।

**स्वस्थ, शिक्षित र समृद्ध समाज निर्माणमा योगदान दिऔं।**

**मटिहानी नगरपालिका, महोत्तरी**


खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : धर्केन्द्र कुमार यादव 'यदुवंशी' (९८५४०२९०५३) E-mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा,